आ.व. २०८२/८३
बैठक संख्या :७

आज मिति २०८२ साल माघ २६ गते सोमबार सहिदभूमि गाउँपालिकाको अध्यक्ष श्री मनोज राईज्यूको अध्यक्षतामा सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती

| क्र सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मनोज राई | अध्यक्ष | |
| २. | श्री रत्नश्वरी राई | उपाध्यक्ष | |
| ३. | श्री रमेश कुमार राई | वडाध्यक्ष, वडा नं. १ | |
| ज | श्री खगेन्द्र राई | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | श्री होमनाथ राई | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | श्री भिम बहादुर राई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | श्री हेम कुमार राई | वडाध्यक्ष, वडा नं. ६ | |
| ८. | श्री बम बहादुर राई | वडाध्यक्ष, वडा नं. ७ | |
| ९. | श्री दिवानी राई | कार्यपालिका सदस्य | |
| १०. | श्री विनिता राई | कार्यपालिका सदस्य | |
| ११. | श्री मधु भण्डारी | कार्यपालिका सदस्य | |
| १२. | श्री बालिका विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री प्रकाश राई | कार्यपालिका सदस्य | |
| १४. | श्री सूर्यबहादुर भण्डारी | सचिव | |
| १५. | श्री देउ कुमारी विश्वकर्मा | का.बा.वडाध्यक्ष, वडा नं. ५ | देउकुमारी |
| | अन्य उपस्थिती | | |
| १. | श्री होम बहादुर थापा | प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख | |
| २. | नितेश कुमार यादव | आर्थिक प्रशासन तथा राजस्व शाखा प्रमुख | |
| ३. | हरि कुमार राई | प्रशासन इकाई | |
| ४. | निशाल राई | पूर्वाधार विकास शाखा | |
| ५. | अरविन्द बैरी | | |

**प्रस्ताव नं. १ समपुरक अनुदान सम्बन्धी योजना छनौट सम्बन्धमा ।**

**निर्णय नं. १** समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ अनुसार आर्थिक वर्ष २०८३/०८४ को लागि निम्नानुसारका योजनाहरु निम्नानुसारको प्राथमिकीकरण गरी छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

निम्न:

| क.सं. | योजनाको नाम | कुल लागत अनुमान रु | नेपाल सरकारले व्यहोर्ने रु | सहिदभूमि गाउँपालिकाले व्यहोर्ने रकम रु | प्राथमिकिकरण |
|---|---|---|---|---|---|
| १. | थलथले-माम्फिङ्ग-डिही-बतिसे सडक | १५००००००।०० (एक करोड पचास लाख रुपैया मात्र) | १०५०००००।०० (एक करोड पाँच लाख रुपैया मात्र) | ४५०००००।०० (पैतालिस लाख रुपैया मात्र) | १ |
| २. | सेतिचोक हाङ्गुवा संविधान सभा चौतारा सडक | १५००००००।०० (एक करोड पचास लाख रुपैया मात्र) | १०५०००००।०० (एक करोड पाँच लाख रुपैया मात्र) | ४५०००००।०० (पैतालिस लाख रुपैया मात्र) | २ |
| ३. | साकेवा सिरुवानी तितरे सडक | १५००००००।०० (एक करोड पचास लाख रुपैया मात्र) | १०५०००००।०० (एक करोड पाँच लाख रुपैया मात्र) | ४५०००००।०० (पैतालिस लाख रुपैया मात्र) | ३ |

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

प्रस्ताव नं. २ विशेष अनुदान सम्बन्धी योजना छनौट सम्बन्धमा ।

निर्णय नं. २ विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ अनुसार आर्थिक वर्ष २०८३/०८४ को लागि निम्नानुसारका योजनाहरुको प्राथमिकिकरण गरी छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निम्नः</u>

| क्र.सं. | योजनाको नाम | कुल लागत अनुमान रु | नेपाल सरकारले व्यहोर्ने रु | सहिदभूमि गाउँपालिकाले व्यहोर्ने रकम रु | प्राथमिकिकरण |
|---|---|---|---|---|---|
| १. | थलथले हाटबजार निर्माण | २००००००० (दुइ करोड रुपैया) | २००००००० (दुइ करोड रुपैया) | ०।०० | १ |
| २. | ल्याण्डफिल साइट निर्माण | १००००००० (एक करोड रुपैया) | १००००००० (एक करोड रुपैया) | ०।०० | २ |

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

**प्रस्ताव नं. ३ सडक वोर्ड नेपालबाट स्वीकृत सडक मर्मत सम्भार कार्यको वार्षिक कार्यक्रम स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं. ३** सडक वोर्ड नेपालबाट आर्थिक वर्ष २०८२/०८३ को स्थानीय सडक मर्मत कार्यको लागि रु ७,००,०००।०० (अक्षरेपी सात लाख रुपैया मात्र) स्वीकृत भएकोमा सहिदभूमि गाउँपालिकाको वडा नं. ४ को **कन्यादेवी-खोकुटार ग्रामिण सडक** मर्मत सम्भार सम्बन्धी बार्षिक कार्यक्रम स्विकृत गरी सडक वोर्ड नेपाल, मिनभवन काठमाडौंमा आवश्यक कागजात संलग्न राखी सहमतिको लागि पठाउने र नियमानुसार व्यहोर्नुपर्ने २० प्रतिसत समपुरक कोष बापतको रकम रु १,७५,०००।०० (एक लाख पचहत्तर हजार रुपैया मात्र) समेत यस कार्यालयबाट व्यहोर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ४ सहिदभूमि गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत सम्बन्धमा।**

**निर्णय नं. ४** सहिदभूमि गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
उपाध्यक्ष

Sahidbhumi Rural Municipality
Office of The Rural Municipal Executive
Dhankuta, 2073

<u>**प्रस्ताव नं. ५ ठेक्का नं. 02-SAHIDBHUMI/MSM/ROAD/79/80, थलथले चाम्चा सडक निर्माण कार्यको म्याद थप सम्बन्धमा ।**</u>

निर्णय नं. ५ यस सहिदभूमि गाउँपालिकाको गत आ.व. २०७९/०८० मा समपूरक कोष अन्तर्गत प्रदेश सरकारबाट प्राप्त अनुदान र गाउँपालिकाको साझेदारी वजेटबाट मिति २०७९/११/१९ मा प्रकाशित सूचना अनुसार *ठेक्का नं. 02-SAHIDBHUMI/MSM/ROAD/79/80*, थलथले चाम्चा सडक निर्माण कार्यको मिति २०८०/०१/२४ मा ***श्री दिल निर्माण सेवा प्रा. लि. भोजपूर*** सँग सम्झौता भई मिति २०८०/०३/२२ मा कार्य सम्पन्न गर्नु पर्ने भएता पनि सो अवधिमा वर्षातका कारण आयोजनाको निर्माण सामाग्री ढुवानीमा समस्या सृजना भएकोले कार्य सम्पन्न हुन नसकेको भनी मिति २०८०/०३/१० मा निर्माण व्यवसायीबाट मिति २०८० साल माघ मसान्त सम्मको म्याद थपको लागि संशोधित कार्ययोजना सहित पेश भएको निवेदन अनुसार म्याद थप भएकोमा कार्य सम्पन्न हुन नसकी मिति २०८०/११/२४ मा मिति २०८२/०३/१५ गते सम्मको लागि दोस्रो पटक म्याद थप भएको र उक्त अवधिमा समेत कार्य सम्पन्न नभइ मिति २०८२/०२/१६ गते संशोधित कार्ययोजना सहित म्याद थप सम्बन्धी निवेदन पेश भइ मिति २०८२/१०/३० गते सम्मको लागि तेस्रो पटक म्याद थप भएको अवधिमा समेत कार्य सम्पन्न नभइ निर्माण व्यवसायीबाट पुनः मिति २०८२/१०/०७ म्याद थपको लागि निवेदन पेश भएको हुँदा पछिल्लो पटक भएको म्याद थपअनुसार तोकिएको अवधिमा निर्माण सामग्रीहरुको अत्याधिक वजार मूल्य बृद्धि भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को ब्यवस्था बमोजिम कार्यालयलाई थप आर्थिक दायित्व नपर्ने गरी अन्तिम पटकको लागि मिति २०८३ साल असार २० गते सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष